अनुसूची १

असल कर्जा विवरण

| क.सं. | ऋणीको नाम | कर्जा शिर्षक | कर्जा प्रवाह मिति | भुक्तानी मिति | कर्जा रकम | सुरक्षणको विवरण |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

माथि उल्लिखित विवरणहरु ठीक साँचो हो, सवै कर्जाहरु असल कर्जामा बर्गीकृत छन्, झूठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला । कथंकदाचित यी कर्जाहरु निष्कृय कर्जामा परिणत भए सो को जानकारी नेपाल राष्ट्र बैंकलाई उपलब्ध गराई सो को सट्टामा अर्को असल कर्जा सुरक्षणका रुपमा उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्दछौं ।

......... बैंक/वित्तीय संस्था लिमिटेडको तर्फबाट

दस्तखत :

नाम :

पद :

छापः

विभाग/कार्यालय :

ईति सम्बत् २० .. साल ............ महिना .......गते रोज ....... शुभम्

*(तमसुकको नमूना)*

लिखितम धनीका नाम का.जि. का.म.न.पा. वडा नं. ११ थापाथलीस्थित नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय आगे सो रकम ऋण लिने ऋणीको नाम ........, केन्द्रीय कार्यालय रहेको................ बैंक/वित्तीय संस्था लिमिटेडले नेपाल राष्ट्र बैंकबाट पुनरकर्जा प्रदान गर्ने सम्बन्धमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ४९ ले गरेको व्यवस्था अन्तर्गत नेपाल राष्ट्र बैंकसँग आजका मितिमा रु. ............ ..........(अक्षरेपी ................................................ ............. मात्र) कर्जा लिएको ठिक साँचो हो । उक्त कर्जा लिएको रकम बापत ऋणीले आफ्नो निम्न बमोजिमको ग्राहक ऋणीलाई प्रवाह गरेको कर्जा मध्ये उठाउन बाँकी ६ महिना भन्दा बढी भुक्तानी अवधि बाँकी भएको, भाखा ननाघेको र विगत एक वर्षदेखि लगातार रुपमा असल वर्गमा वर्गीकृत कर्जा मध्ये तपसिलका परियोजनाको असल कर्जा धितो सुरक्षण, नेपाल राष्ट्र बैंक तथा पुनरकर्जा सुविधा उपयोग गर्ने बैंक तथा वित्तीय संस्थाले पुनरकर्जा सुविधा उपयोग गर्ने सम्बन्धमा हस्ताक्षर गरेको तमसुक र प्रमिसरी नोट पुनरकर्जा सुविधाको लागि धितो सुरक्षणको रुपमा राखि दिएका छौं । तपसिल बमोजिमको धितो सुरक्षणमा राखिएको असल कर्जाको विवरण तथा शर्तहरु र यस सम्बन्धमा नेपाल राष्ट्र बैंकबाट जारी विद्यमान नीतिगत व्यवस्था तथा नेपाल राष्ट्र बैंकले समय समयमा तोकेको शर्त/मापदण्ड पालना गर्नेछौं । शर्तहरु पालना नगरेमा उक्त धितो तथा ऋणी बैंकको अन्य चल-अचल सम्पत्ति समेतबाट उक्त रकम असुल गरी लिनु भनी बैंक तथा वित्तीय संस्थाको सञ्चालक समितिको निर्णय/सहमति समेत रहेकोले नेपाल राष्ट्र बैंक, बैंकिङ्ग कार्यालय, थापाथली, काठमाडौंमा बसी यो तमसुक लेखी धनी नेपाल राष्ट्र बैंकमा चढायौं ।

<u>तपसिल</u>

क. <u>धितोको विवरण</u>

| परियोजनाको नाम | धितो सुरक्षणमा राखिएको असल कर्जाको विवरण | नेपाल राष्ट्र बैंकबाट प्राप्त पुनरकर्जा |
|---|---|---|
| | | |
| | | |

ख. <u>शर्तहरुः</u>

१. बढीमा ६ महिना अवधिका लागि मात्र यो पुनरकर्जा सुविधा प्रदान गरिएको छ ।

२. पुनरकर्जा बापत धनी बैंकलाई वार्षिक सयकडा ७.५ प्रतिशतका दरले व्याजसहित एकमुष्ट रुपमा साँवा व्याज बुझाउनु पर्नेछ ।

३. पुनरकर्जा माग गर्दा सम्बन्धित बैंकले कर्जामा लिएको व्याजदर यस बैंकले तोकेको व्याजदरमा बढीमा ३ प्रतिशतसम्म थप व्याज कायम गर्न सक्नेछ ।

४. निर्धारित समयभित्र पुनरकर्जा भुक्तान नगरेमा भुक्तान हुन बाँकी रकममा सम्बन्धित बैंक तथा वित्तीय संस्थाले सो अवधिमा प्रकाशित गरेको कर्जा तथा सापटको अधिकतम व्याजदर नै पेनाल व्याजदर हुनेछ । नेपाल राष्ट्र बैंकले ऋणी बैंक वा वित्तीय संस्थाको कुनै पनि खाता खर्च (Debit) गरी रकम असुल उपर गर्न सक्नेछ ।

५. पुनरकर्जा उपभोग गरेका बैंक तथा वित्तीय संस्थाहरुले साँवा/व्याज भुक्तानी म्याद समाप्त भएको दिन सो रकम भुक्तानी नगरेमा नेपाल राष्ट्र बैंकस्थित सम्बन्धित संस्थाको जुनसुकै खाता खर्च लेखी कर्जा असूलउपर गरि लिन र सो को खर्च गर्ने अख्तियारी नेपाल राष्ट्र बैंकलाई दिइएको छ । यसमा पछि कुनै उजुरी वा दावि गरिने छैन ।

६. धितोको रुपमा नेपाल राष्ट्र बैंकलाई दिईएको तमसुकमा उल्लेखित कर्जाको जोखिमता लगायत सबै जिम्मेवारी सम्बन्धित बैंक/वित्तीय संस्थाकै हुनेछ।

७. ऋणी बैंकले धितो स्वरुप राखेको तमसुकमा उल्लेख भएको ग्राहकको चल-अचल माल बस्तु र नेपाल राष्ट्र बैंकबाट कर्जा लिई लगानी गरेको उद्योग तथा व्यवसाय समेतको नेपाल राष्ट्र बैंकले जुनसुकै बखत निरीक्षण गर्दा उपलब्ध गराउनु पर्नेछ।

८. नेपाल राष्ट्र बैंकले प्रदान गरेको पुनरकर्जा सुविधाको सम्बन्धमा समय समयमा विवरण मागेको बखत तोकिएको म्यादभित्र ऋणी बैंकले उपलब्ध गराउनु पर्नेछ।

९. धितो सुरक्षणमा लिइएको सुरक्षणमा पहिलो दावी (First Charge) नेपाल राष्ट्र बैंकको हुनेछ।

१०. ऋण प्रयोग सम्बन्धमा यसैसाथ संलग्न नीतिगत शर्त तथा मापदण्डहरु पालना गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ। सो बमोजिम नगरेमा प्रचलित नेपाल राष्ट्र बैंक ऐन, २०५८ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ अनुसार सजाय भएमा मञ्जुरी छ।

११. शर्त र मापदण्डमा आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकले परिमार्जन वा संशोधन गर्न सक्नेछ।

| | |
|---|---|
| **नेपाल राष्ट्र बैंकको तर्फबाट** | **.........बैंक/वित्तीय संस्थाको तर्फबाट अख्तियारप्राप्त व्यक्ति** |
| **दस्तखत :** | **दस्तखत :** |
| **नाम :** | **नाम :** |
| **पद :** | **पद :** |
| **छापः** | **छाप :** |
| **विभाग/कार्यालय :** | **विभाग/कार्यालय :** |

ईति सम्बत् २० .. साल ........... महिना .......गते रोज ....... शुभम्________________________________

(पुनरकर्जा सुविधा उपयोग गर्ने सम्बन्धित बैंक/वित्तीय संस्थाको लेटरप्याडमा)

## पुनरकर्जा सुविधाको लागि प्रतिज्ञापत्र (**Promissory Note**) को नमूना

………………….., केन्द्रीय कार्यालय रहेको ………………….. बैंक/वित्तीय संस्था लिमिटेडले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ४९. ले गरेको व्यवस्था अन्तर्गत नेपाल राष्ट्र बैंकबाट आजका मितिमा रु. ………… ………. (अक्षरेपि ……………………………………….. ………….. मात्र) पुनरकर्जा सुविधा प्राप्त गरेको ठीक साँचो हो । नेपाल राष्ट्र बैंक वा सो बैंकले आदेश गरेको पक्षलाई मागेको समयमा ………. प्रतिशत वा नेपाल राष्ट्र बैंकले तोकेको व्याजदरले हुन आउने व्याज रकम र सावाँ रकम रु. ………… ………. (अक्षरेपि ……………………………………….. ………….. मात्र) तिर्न बुझाउन ………………….. बैंक/वित्तीय संस्था लिमिटेड कबुल गर्दछ र माग गरेको बखत नतिरेमा वा नबुझाएमा नेपाल राष्ट्र बैंकले जुनसुकै तरिकाले असुलउपर गरी लिएमा यस बैंक/वित्तीय संस्थाको मन्जुरी छ भनी सो संस्थाको तर्फबाट अख्तियारप्राप्त म/हामी यो प्रतिज्ञापत्रको लिखतमा दस्तखत गर्दछु/छौं ।

………बैंक/वित्तीय संस्थाको तर्फबाट अख्तियारप्राप्त व्यक्ति

दस्तखत :

नाम :

पद :

संस्थाको छाप :

विभाग/कार्यालय :

ईति सम्बत् २० .. साल ………. महिना …….गते रोज ……. शुभम्